# विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह, २०२५ को संयुक्त सन्देश

प्रतिजैविक प्रतिरोध (Antimicrobial Resistance, AMR) ले हाम्रो स्वास्थ्य, अर्थव्यवस्था तथा भविष्यमा पार्न सक्ने जोखिमलाई सम्बोधन गर्न हरेक वर्ष विश्वव्यापी रुपमा प्रतिजैविक प्रतिरोध (ए. एम. आर) सम्बन्धी सचेतना सप्ताह मनाउने गरिएको छ। संयुक्त राष्ट्र संघ अन्तर्गतका विश्व स्वास्थ्य संगठन, खाद्य तथा कृषि संगठन, विश्व पशु स्वास्थ्य संगठन र संयुक्त राष्ट्र सङ्घीय वातावरणीय कार्यक्रम समेतको संयुक्त आह्वानमा सन् २०१६ देखि प्रतिजैविक प्रतिरोधका विषयमा सचेतना फैलाउन यो सप्ताह हरेक बर्ष नोभेम्बर १८- २४ मा मनाइने गरिन्छ। यसै क्रममा हरेक वर्ष झै यस वर्ष पनि नेपालमा प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह २०२५ **"प्रतिजैविक प्रतिरोध रोकथाममा आजैबाट जुटौं- हाम्रो वर्तमान जोगाऔं, भविष्य सुरक्षित पारौं"**, भन्ने राष्ट्रिय नाराका साथ विभिन्न सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरी उत्साहका साथ मनाउदै छौं।

प्रतिजैविक औषधीहरुको अनुचित प्रयोग वा दुरुपयोगले सूक्ष्मजीवहरुमा औषधीहरुप्रति प्रतिरोधको विकास हुने गर्दछ। हामीलाई संक्रमण गराउने यी सूक्ष्मजीवहरू आश्रयका लागि मानव, पशुपन्छी, कृषि, खाद्य र वातावरणमा स्थानान्तरण भई रहन्छन्, जसले गर्दा एक क्षेत्रमा भएको अनुचित प्रयोग र दुरुपयोगले अर्को क्षेत्रमा असर गर्ने हुनाले यो प्रतिजैविक प्रतिरोध "एक स्वास्थ्य" अवधारणा अन्तर्गत चुनौतीको विषय भएको छ। यसरी मानिस, पशुपन्छी, कृषि र वातावरण स्वास्थ्य एक अर्कासँग जोडिएको र यो एक क्षेत्र वा व्यक्तिगत चुनौती मात्र नभई बहुक्षेत्र र अन्तर्राष्ट्रिय सीमाहरूभन्दा पर जाने हुँदा सूक्ष्मजीवमा विकास हुने प्रतिजैविक प्रतिरोधसँग जुध्ने उत्तम विकल्प "एक स्वास्थ्य" अवधारणा अनुरुप संयुक्त प्रयास नै प्रभावकारी तरिका भएकोले, नेपाल सरकारले सबै क्षेत्रबाट प्रतिजैविक प्रतिरोधको सम्बोधनका लागि आवश्यक पहल गर्न प्रतिजैविक प्रतिरोध राष्ट्रिय कार्ययोजना (२०८०/८१-२०८४/८५) पारित गरी लागू समेत गरिसकेको छ। यसको कार्यान्वयन गर्नु हामी सबैको साझा जिम्मेवारी हो।

हाम्रो वर्तमान जोगाउन र भविष्य सुरक्षित पार्न मानव, पशुपन्छी तथा वातावरणीय स्वास्थ्य क्षेत्रमा दीर्घकालीन लगानी र रणनीतिक कार्यलाई प्राथमिकता दिन आवश्यक छ। प्रतिजैविक प्रतिरोध रोकथाम तथा न्यूनीकरण गर्न प्रतिजैविक प्रतिरोध सम्बन्धी निगरानी प्रणाली सुदृढ पार्ने, अस्पतालले प्रतिजैविक प्रतिरोध सम्बन्धी स्टेवार्डसिप कार्यक्रम सञ्चालन गर्ने, फोहोरको उचित व्यवस्थापन गर्ने, गुणस्तरीय स्वच्छ पशुपन्छीजन्य पदार्थ (दुध, अण्डा, मासु) उत्पादनमा असल अभ्यास अपनाउने, गुणस्तरीय औषधीको पहुँचको सुनिश्चितता गर्ने, प्रयोगशाला परिक्षणको पहुँच र परीक्षणमा गुणस्तरीयता सुनिश्चितता गर्ने जस्ता प्रत्येक कदम महत्वपूर्ण रहेका छन्। यी कार्य गर्न, नवप्रवर्तनलाई प्रोत्साहन दिन तथा दिगो प्रणाली निर्माण गर्नका लागि दीर्घकालीन प्रतिबद्धता र पर्याप्त स्रोतको परिचालन अपरिहार्य छ।

हाम्रो भूमिका नीति निर्माण, स्वास्थ्य सेवा, पशु सेवा, वातावरण संरक्षण, नागरिक समाज, प्रशिक्षण, विद्यार्थी वा सर्वसाधारण नागरिक जुन कुनै भए तापनि, प्रतिजैविक प्रतिरोध सम्बन्धी जनचेतना अभिवृद्धि गरी आ-आफ्नो क्षेत्रबाट कार्य गर्नु अपरिहार्य छ। यो विषय सबैको स्वास्थ्यसँग जोडिएको विषय भएकोले, सबैको यथोचित संयुक्त प्रयासबाट प्रतिजैविक प्रतिरोधको बढ्दो फैलावट रोक्न तथा असरलाई न्यूनीकरण गर्न सकिन्छ। तसर्थ "प्रतिजैविक प्रतिरोध रोकथाममा आजबाटै जुटौं: हाम्रो वर्तमान जोगाऔं, भविष्य सुरक्षित पारौं" भन्ने यस वर्षको राष्ट्रिय नाराका साथ जनचेतना अभिवृद्धि गर्दै-गराउँदै आ-आफ्नो जिम्मेवारी निभाउँदै मनाऔं। प्रतिजैविक औषधीको प्रभावकारीता जोगाई राखी स्वास्थ्य उपचारमा सफलता हासिल गर्नु भनेको नै हाम्रो वर्तमान जोगाउनु र भविष्य सुरक्षित पार्नु हो। हाम्रो संयुक्त प्रयासले मात्र प्रतिजैविक औषधीहरूको प्रभावकारीता जोगाउन सक्छौं र आफ्नो, भावी पुस्ता तथा समाजका लागि सुरक्षित, दिगो स्वास्थ्य जीवनको सुनिश्चितता गर्न सक्छौं। विश्व प्रतिजैविक सचेतना सप्ताह, २०२५ भव्यताका साथ सम्पन्न गरौं, गराऔं।

| | |
|---|---|
| ........................ | ........................ |
| डा. सुधा गौतम | डा. मदन प्रसाद परियार |
| माननीय मन्त्री, | माननीय मन्त्री, |
| स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |